नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

निर्णयहरूः-

१. ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित) को दफा १६ मा भएको व्यवस्था *"यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रत्येक वर्षको असार १ गतेदेखि भाद्र मसान्तसम्म महिनामा नदीजन्य पदार्थको उत्खनन् गर्न पाइने छैन"* सम्बन्धित निकायहरूले पूर्ण रूपमा कार्यान्वयन गर्ने, गराउने ।

२. संघ, प्रदेश र स्थानीय तहबाट चालु आ.व. मा सम्पन्न हुने गरी भइरहेका नदी तटबन्धनसँग सम्बन्धित कार्यलाई आयोजनाको अनुरोध बमोजिम आवश्यक सहजीकरण गरी आयोजना सम्पन्न गर्न सहयोग पुऱ्याउने ।

३. जिल्ला दररेट निर्धारण समिति, मकवानपुरको सदस्य सचिवको जिम्मेवारी शहरी विकास तथा भवन कार्यालय, हेटौडा, मकवानपुरका कार्यालय प्रमुखले निर्वाह गर्ने र अन्य विषयगत कार्यालयहरूले जिल्ला दररेटमा समावेश गर्नुपर्ने विषय अध्ययन गरी समावेश गर्ने गराउने ।

४. यस वर्षको मनसुन शुरू भइसकेको सन्दर्भमा मनसुनजन्य विपद्बाट हुनसक्ने जोखिम न्यूनीकरण, प्रतिकार्य तथा पुनर्स्थापनाका लागि देहायका निकायहरूले देहायको व्यवस्था मिलाउने ।

   क. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८ मा उल्ललिखित क्षेत्रगत निकायहरूले आ-आफ्नो कार्यजिम्मेवारीसँग सम्बन्धित निकायहरूसँग बैठक बसी आवश्यक पूर्वतयारी गर्ने ।

   ख. सडक डिभिजन कार्यालय, हेटौडा, हेभी इक्युपमेन्ट डिभिजन, हेटौडा र सबै स्थानीय तहहरूले मनसुनजन्य विपद्बाट सडकमार्गहरू अवरूद्ध हुन नदिन आवश्यक उपरकण एवं जनशक्तिहरू तयारी अवस्थामा राख्ने,

   ग. विपद् प्रभावितहरूको खोज तथा उद्धारका लागि सवारी साधनहरू तत्काल प्रयोग गर्नसक्ने गरी सबै कार्यालयहरूले चालु अवस्थामा राख्ने,

   घ. मनसुनजन्य विपद्मा परि घाईते हुने व्यक्तिहरूको उपचार तथा विपद्पश्चात् हुनसक्ने महामारी समेतलाई दृष्टिगत गर्दै स्वास्थ्य कार्यालय, मकवानपुर तथा स्थानीय तहहरूले आवश्यक औषधी, स्वास्थ्य उपकरण तथा स्वास्थ्यकर्मीहरू तयारी अवस्थामा राख्ने ।

५. आगामी कार्यालय प्रमुख बैठकमा सबै कार्यालय प्रमुखहरू आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन सहित उपस्थित हुने ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी